बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प.सं.: २०८३/०८४
चलानी नं.:

मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिहरुको आधिकारीक विवरण यकिन गर्ने सम्बन्धी सार्वजनिक सूचना।
(सूचना प्रकाशित मिति २०८३/०७/११)

रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारीक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ बमोजिम मिति २०८३/०५/१० गते रसुवा भोटेकोशी क्षेत्रमा आएको बाढीमा बर्दगोरिया गाउँपालिका स्थायी ठेगाना भएका बेपत्ता व्यक्तिहरुको आधिकारीक विवरण यकिन गर्नुपर्ने भएकोले बेपत्ता व्यक्तिको परिवारजन, आफन्तले सूचना प्रकासन भएको मितिले ५ (पाँच) दिन भित्र सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजात सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पेश गर्नुपर्ने कागजात:</u>

१. बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, सम्बन्धित ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषण पत्र ।
२. बेपत्ता भएका व्यक्तिको एकाघर सदस्य नभएकाको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा कार्यालयमा निबेदन दिने ।
३. विवरण पुष्टि गर्न सहयोग पुग्ने अन्य उपलब्ध प्रमाण तथा कागजात ।
४. थप जानकारीका लागि बर्दगोरिया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा तथा बडा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

२०८३/०७/११

धर्म बहादुर थारु
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. +९७७-९८५८४२६९००, +९७७-९८५८४८७३१८
वेबसाइट: bardgoriyamun.gov.np, इमेल: bardagoriyagaupalika2017@gmail.com